बैठक नं: ९६

आज मिति २०७९ चैत्र १० गते विहिबारमबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ९६औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण वहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर वहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन वहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री वलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या वहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | |

Scanned with CamScanner

## १७ औ कार्यपालिका बैठकको छलफलका विषय/बैठक मिति २०७९ चैत्र१७ गते

१। आ.व. ०८०/०८१ का लागि प्रदेश सरकारमा पेश गर्ने समपुरक तथा विशेष तर्फका आयोजना सिफारिश सम्बन्धमा,

२। राष्ट्रिय परिचय पत्र तथा पंजीकरण शाखामा कार्यरत कर्मचारीको तलव सम्बन्धमा,

३। नियमावली, मापदण्ड र कार्यविधि संसोधन सम्बन्धमा (जलश्रोत नियमावली, ढुङ्गा, गिटी, माटो तथा बालुवा उत्खनन तथा विक्री वितरण मापदण्ड, हेभी इक्युपमेन्ट कार्यविधि र घरनक्सा पास सम्बन्धी मापदण्ड)

४। सामुदायिक प्राकृतिक चिकित्सालयको IEE प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा,

५। मिडिया साझेदारीको लागि रकम थप सम्बन्धमा,

६। कार्यपालिका सदस्य र वडा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने सम्बन्धमा,

७। देवचुली स्वास्थ्य चौकी भवनका लागि जग्गा सिफारिश सम्बन्धमा,

८। विपद् व्यवस्थापन अन्तर्गतका योजना माग सम्बन्धी,

९। निजी जग्गाको ढुङ्गा, माटो उत्खननको माग सम्बन्धमा,

१०। विविध

क. आर्थिक सहायता माग (एक चिहान नाटक, किसान महासंघ, निजामती कर्मचारी संगठन, इलाका प्रहरी कार्यालय, रहजरको लत्ता कपडा माग, मालपोत कार्यालयको आर्थिक सहयोग माग सम्बन्धमा)

ख. बर्थिङ्ग सेन्टरमा कार्यरत कर्मचारीको तलव सम्बन्धमा,

ग. नेपाल माविको गुरुयोजना अन्तर्गत ल्याव भवनको लई संसोधन सम्बन्धमा,

घ. शिक्षकको छुट ग्रेड रकम सम्बन्धमा,

ङ. आगामी बर्षको वजेट तर्जुमा कार्यतालिका सम्बन्धमा ।

च. सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा ।

देवचुली नगरपालिकाको सत्रौं कार्यपालिका वैठकवाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१। सोहौं नगर कार्यपालिका बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

२। आर्थिक बर्ष २०८०/०८१ का लागि प्रदेश समपुरक तथा विशेष अनुदान तर्फ देहायको योजना तथा कार्यक्रम शिफारिश गर्ने ।

**क. समपुरक तर्फका योजना (प्राथमिकताक्रम अनुसार)**

१.झरहीखोला सिंचाई योजना वडा नं. १६ र १७

२.आधुनिक कृषि बजार व्यवस्थापन तथा कृषि प्रणाली स्थापना वडा न. १३

३.लोकाहा खोला र मुकुन्देखोला तटबन्ध

ख.विशेष अनुदान तर्फका योजना



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१.न्यून साक्षरता भएका क्षेत्रको शैक्षिक विकास कार्यक्रम,

२.अल्पसंख्यक, सीमान्तकृत बर्ग एवं दुर्गम तथा पिछडिएका क्षेत्र वा आर्थिक, सामाजिक वा अन्य प्रकारले पछाडि परेका वर्गको उत्थान सम्बन्धी कार्यक्रम,

३.खाद्य सुरक्षा सुनिश्चिता गर्ने कार्यक्रम,

३। व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी तुल्याउन सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ताको पहुच विस्तार गर्न र सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा सुधार गर्न नेपाल सरकार र विश्वबैक बीच सम्फौता भई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना संचालनमा रहेको र उक्त आयोजनाको म्याद २०८१ असार मसान्त सम्म थप भएको र सो समयाबधिसम्म स्थानीय तहमा कार्यरत एम आइ एस अपरेटर तथा फिल्ड सहायकलाई निरन्तरता दिन श्रोत अपुग हुने अवस्था भएकोले स्थानीय तहबाट श्रोतमा साझेदारीका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७९/११/२८ को पत्रबाट अनुरोध भै आएको सन्दर्भमा आयोजनाको लक्ष अनुसारको काम सम्पन्न गर्न उक्त जनशक्ति यस पालिकामा पनि आवश्यक भएकोले आ.व. ०८०/०८१ को लागि उक्त आयोजना अन्तर्गत कार्यरत ३ जना कर्मचारीको ६ महिनाको तलव नगरपालिकाबाट बेहोर्ने प्रतिबद्धता गरियो ।

४। नगरपालिकाबाट स्वीकृत भएका जलश्रोत नियमावली, २०७८, ढुङ्गा, गिटी, माटो तथा बालुवा उत्खनन तथा विक्री वितरण मापदण्ड,२०७७ हेभी इक्युपमेन्ट संचालन कार्यविधि, २०७४ तथा घरनक्सा पास सम्बन्धी मापदण्ड संसोधनका लागि पेश भएकोमा विधायन समितिमा छलफल नभई पेश भएको हुदाँ विधायन समितिमा छलफल गराई आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने ।

५। देबचुली नगरपालिका वडा नं. १६ रजहर स्थित सामुदायिक प्राकृतिक चिकित्सालयको स्तरोन्नती गरी १०० शैयाको राष्ट्रिय प्राकृतिक चिकित्सालयमा रुपान्तरण गर्ने सन्दर्भमा सामुदायिक प्राकृतिक चिकित्सालय प्रस्तावक भै गरिएको प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन (IEE) स्वीकृत गर्ने ।

६। देबचुली नगरपालिकाले गरेका विकास निर्माण, सेवा प्रवाह लगायत अन्य विविध क्रियाकलापहरुलाई सुचना र संचारको माध्यामबाट निरन्तर रुपमा प्रवाह गरी जनतामाझ पुर्‍याउन देवचुली नगरपालिका वडा नं. १३ मा रहेको ह्याप्पी एफ.एम.ले यस आर्थिक बर्षको श्रावण देखि नगरपालिकाको मिडिया साझेदारका रुपमा उक्त संस्थाले काम गरिरहेको र उक्त संस्थासंग नगरपालिकाले सम्फौता गरी काम पनि गरिसकेको हुनाले सो काम गरे बापत आर्थिक बर्ष २०७९/०८० का लागि कुल रु.३ लाख उपलब्ध गराउने ।

७। स्थानीय सरकार संचालन ऐनको प्रभावकारी कार्यान्वयन गरी नगरपालिकामा विकास निर्माणका काममा तिब्रता दिन, सुशासन कायम गर्न र नियमन कार्यलाई प्रभावकारी बनाउन देहायका कामको जिम्मेबारी वडा समितिले निर्णय गरी वडासदस्यहरुलाई बाँडफाँड गरिदिने र सोको प्रतिवेदन प्रत्येक १५ दिनमा वडा कार्यालयमा बुझाउने व्यवस्था मिलाउने ।

- वडा भित्रको सार्वजनिक सम्पतिको अभिलेख संकलन तथा अद्यावधिक गरी प्रतिवेदन दिने कार्य,



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- वडा भित्रको घरनक्सा पास, वडा भित्रको व्यापार व्यावसाय दर्ता, नविकरण, घर बहाल कर आदिको निरीक्षण गरी प्रतिवेदन दिने कार्य,
- वडा भित्रको ढुङ्गा, गिटी बालुवाको चोरी निकासी भए नभएको निरीक्षण, अन्य कर वस्तुर छलि गरे नगरेको निरीक्षण गरी प्रतिवेदन दिने,
- वडा भित्रको सम्पुर्ण विकास निर्माणका कामको निरीक्षण गरी सम्झौता अनुसार काम समयमै सम्पन्न भए नभएको, गुणस्तरीय भएको नभएको प्रतिवेदन दिने,

८। नगरपालिकाको बन, बातावरण तथा विपद् व्यवस्थापन समितिको बैठकबाट निर्णय भै शिफारिश भएका मध्ये देहाय योजना तथा कार्यक्रम विपद् व्यवस्थापन कोषबाट रकम खर्च गर्ने गरी स्वीकृत गर्ने,

| सि.नं | योजनाको नाम | माग | सहयोग |
|---|---|---|---|
| १. | लोकाहा खोला तटबन्धन, देबचुली ९ | सामग्री वा रकम | २×१×१ ६० थान, ३×१×१ को २० थान ग्याविन जाली वा रु. ३३०००0।0 |
| २. | खुमनाथ लम्सालको घर नजिक पक्की कल्भर्ट स्तरोन्नती, देबचुली ४ | पुरानो योजनामा रकम थप | रु. १२०००0।0 |
| ३. | लोकाहाखोला च्यानलाइज गर्ने, देबचुली ९, १० र १५ | नगरपालिकाको एक्साभेटर र अरु थप समेत | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी र कावासोती नगरपालिकालाई समेत अनुरोध गर्ने |
| ४. | मिलनचोक देखि पुर्व तर्फको खोलामा कल्भर्ट देबचुली ४ र ५ | आर्थिक सहयोग | रु. ३१५०००।0 |
| ५. | आगालागी वापतको क्षतिपुर्ति देबचुली १३ | रकम माग | देबचुली १३ ऋतु कृषि तथा पशु फर्मलाई रु. १० हजार सहयोग। |
| ६. | नेपाल मगरसंघ | रकम माग | रु. मगर दिवसमा कार्यक्रम संचालन गरेबापत रु. २५०००।0 |

९। देहायका संस्थालाई कार्यक्रम संचालन गरेबापत संघसंस्था साझेदारी शिर्षक अन्तर्गत देहायको रकम उपलव्ध गराउने,

क.एक चिहान नाटक मंचन गरे बापत ह्याप्पी एफ.एम. लाई रु. ५० हजार।

ख.किसान महासंघको राष्ट्रिय सम्मेलनका लागि रु. ५० हजार,

ग.नेपाल मगरसंघले मगर दिवसमा कार्यक्रम संचालन गरेबापत रु. ३००००।

घ.नेपाल निजामती कर्मचारी संगठनको गण्डकी प्रदेश स्तरीय भेलाका लागि रु. ३० हजार।

१०।नेपाल मा.वि.को गरुयोजना अन्तर्गत ल्याव भवनको लागत अनुमान संसोधन गर्न सहमति दिने,

११।वि.सं. २०५७ साल आषाढ मसान्त वा सो भन्दा अगाडी तालिम प्राप्त गरी स्थायी नियुक्त भएका र प्राविधिक स्केल खाइपाई आएका शिक्षकहरु मध्ये देबचुली नगरपालिका भित्रका विद्यालयमा कार्यरत ४ जना शिक्षकले मिति २०७३ पछि प्राविधिक ग्रेड नपाएको सन्दर्भमा शिक्षा विज्ञान तथा प्रविधि

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मन्त्रालयको परिपत्र तथा सम्मानित सर्बोच्च अदालतको फैसला समेतको आधारमा छुट ग्रेड रकम उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने,

१२। आगामी बर्ष ०८०/०८१ को योजना तर्जुमा कार्यतालिका (अनुसुची १) स्वीकृत गरी सोही अनुसार योजना तर्जुमा प्रकृया अगाडी बढाउने ।

१३। विविध

(१) मिति २०७९ चैत्र ८ गते गैडा आक्रमणमा परी मृत्यु भएकी वडा नं. १० को बर्ष ६० कि दरिमा थापा मगरको परिवारलाई आर्थिक सहायता स्वरुप रु.२५ हजार उपलब्ध गराउने,

(२) देवानी मुलुकी संहिता, २०७४ अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हक स्वामित्व र नियन्त्रण वा अधिनमा रहेका सरकारी घर, भवन वा जग्गा, सडक, बाटो, बन, जंगल वा बन जंगलमा रहेको रुख विरुवा, नदी, खोलानाला, ताल, पोखरी तथा त्यसको डिल, नहर, कुलो, वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भीर, पहरा, डहर, बगर, सार्वजनिक बगैचा, सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको सम्पति बाहेकको अन्य सम्पति सरकारी सम्पति मानिने, सार्वजनिक प्रयोजनका लागि रहेका परापुर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो, कुवा, पधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डिल, गाइबस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्तेष्टिस्थल, चिहान, मसानघाट, समाधिस्थल, कब्रस्थान रहेको जग्गा, पाटीपौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तुपा, मस्जिद, इदगाह, कब्रगाह, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजनिक रुपमा मनोरन्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा, सार्वजनिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी सम्पति, नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी सार्वजनिक सम्पति भनी तोकिदिएको अन्य सम्पति लाई सार्वजिनक सम्पति मानिने र कुनै समुदायले आफ्नो प्रयोगको लागि राखेको जग्गा, त्यस्तो जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्व रहेको अन्य सम्पति सामुदायिक सम्पति मानिने र स्थानीय सरकार संचालन ऐन अनुसार माथि उल्लिखित सम्पतिको लगत लिई संरक्षण गर्ने, सोको अद्यावधिक गर्ने दायित्व र जिम्मेबारी वडा कार्यालयहरुको भएकोले माथि उल्लिखित सम्पतिको लगत लिई तथ्याङ्क अध्याबधिक गर्न र संरक्षण गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन दिने ।

(३) विपद् व्यवस्थापन सम्बन्धी ऐन, कार्यविधि, सार्वजनिक/सामाजिक संस्थाहरुलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि र सामाजिक संघ संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड आवश्यक भएकोले तर्जुमा गरी पेश गर्न सम्बन्धित विषयगत समिति र शाखा प्रमुखहरुलाई निर्देशन दिने,

(४) नगरपालिका कार्यालय परिसरलाई व्यवस्थित गर्न मोजाक टायल लगाउन आवश्यक देखिएको र नगरपालिकासंग मात्र श्रोत अपुग भएकोले प्रगतिनगर खानेपानी तथा सरसफाई समितिलाई पनि टायल लगाउने कार्यमा श्रोत सहभागीता गर्न अनुरोध गर्ने,

(५) सुख्खायामको समय शुरु भएको र यस्तो वेलामा आगालागीजन्य घटनाहरु बढी हुन सक्ने हुनाले आ–आफ्नो वडा भित्रका सबै वडाबासीहरु, टोलविकास संस्थाहरु, विद्यालयहरु, अन्य संघसस्थाहरु सचेत रहने र यस्ता घटनामा संलग्न कोही पाइएमा वा भेटिएमा तुरुन्त वडा कार्यालय, नजिकको प्रहरी समक्ष बुझाउन सम्पुर्ण नगरबासीमा अनुरोध गर्ने,

(६) मदिरा लगायत अन्य लागु पदार्थ (चुरोट, गुट्खा, खैनि, गाजा, चरेस आदि) हरुको बढ्दो प्रयोगका कारण जनताको जनजीवनमा नकारात्मक असर परिरहेको, आर्थिक र सामाजिक जीवनमा खलल पुर्‍याइरहेको हुनाले नेपाल सरकारले विक्री वितरणमा प्रतिवन्द लगाएका कुनै पनि



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पु.)
गण्डकी प्रदेश, नेपाल

चिजबस्तुको व्यापारिक कारोबार नगर्न नगराउन र यदि कसैले यस्ता पदार्थहरुको विक्री वितरण गरेको पाएमा तुरुन्त वडा कार्यालय वा नजिकको प्रहरी समक्ष जानकारी गराउन सम्बन्धित सबैमा अनुरोध गर्ने । साथै मदिराजन्य सामग्री विक्री गर्ने होटल, रेष्टुरेष्ट तथा व्यवसायीहरुलाई पनि दिउसोको समयमा जथाभावी मदिरा विक्री वितरण नगर्न अनुरोध गर्ने,

(७) देबचुली नगरपालिका वडा नं. ७ रामबासको शान्तिटोल क्षेत्रमा जग्गाधनी डोलराज सुबेदी, एक प्रसाद सुबेदी, तारा प्रसाद सुबेदी, रुद्र प्रसाद सुबेदी र होमनाथ न्यौपानको नाममा निजी स्वामित्व (साविक प्रगतिनगर गाविस ड क को कित्ता नं. ९३५, ८२२, ८२३, ८२५, ६७३, ६७२, ७१७, ८२४, ८२७, ६७६, ९३६, १४१९, १८०, ८२१) रहेको सामान्य भिरालो, कृषि उत्पादन गर्न प्रयोगमा नआएको २५ कठ्ठा १४ धुर जग्गाको माटो ढुङ्गा उत्खनन तथा विक्री गरी उक्त जमिनलाई कृषि तथा खेती योग्य बनाउने प्रस्ताव सहित नर्मदेश्वर सप्लायर्स एण्ड कन्सट्रक्सन प्रा.लि. काबासोती न.पा.– २, नवलपरासी (ब.सु.पु.) ले प्रारम्भिक बातावरणीय परीक्षण (IEE) गरी प्रतिवेदन पेश गरेको र प्रतिवेदन तयार गर्ने क्रममा नगरपालिकाको संक्षिप्त बातावरणीय अध्ययन तथा प्रारम्भिक बातावरणीय परीक्षण कार्यविधि २०७७ को विधि र प्रक्रिया समेत पुरा गरेको पाइएकोले देहायका शर्तका अधिनमा रही उक्त प्रारम्भिक बातावरणीय परीक्षण (IEE) स्वीकृत गर्ने ।

शर्तहरु

क.कुल २१०७५ क्युविक मिटर उत्खनन् गर्नुपर्ने, सो भन्दा बढी उत्खनन गर्न नपाइने । उत्खनन् अवधि कार्यादेश पाएको मितिले बढीमा ३ महिना हुने, उक्त अवधिमा नसकिएमा म्याद थपका लागि कारण सहित निवदेन दिनुपर्ने ।

ख.उत्खननका क्रममा ढुङ्गा भेटिएमा त्यसलाई अलग्गै राखी नगरपालिकाबाट छुट्टै मुल्याङ्कन गरी राजश्व लिइने,

ग.माटोको राजश्व प्रति क्युफिट रु. २ का दरले रु.१४८७०५२।० (भ्याट बाहेक) नगरपालिकाको राजश्व खातामा अग्रिम जम्मा गरेपछि मात्र उत्खनन् आदेश दिइने,

घ.नियमानुसार लाग्ने मु.अ.कर नर्मदेश्वर सप्लायर्स एण्ड कन्सट्रक्सन प्रा.लि. काबासोती न.पा.– २, नवलपरासी (ब.सु.पु.) ले बुझाउनु पर्ने,

ङ. अन्य कुराहरु कार्यादेश पत्रमा उल्लेख भए बमोजिम हुने ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

आर्थिक बर्ष २०८०/०८१ को नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धी कार्यतालिका (कार्यपालिकाको मिति २०७९ चैत्र १० को निर्णय नं. १२ संग सम्बन्धित)

(अनुसुची १)

| सि.नं. | विवरण | क्रियाकलाप | समयावधि | मुख्य जिम्मेवारी | सहयोगी |
|---|---|---|---|---|---|
| १. | स्थानीय राजश्व परामर्श समितिको बैठक | –स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ को उपदफा २ को (ख) अनुसार राजश्वका दर क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, | २०७९ चैत्र १५ गते भित्र | –समिति संयोजक | –प्र.प्र.अ.<br>–आर्थिक विकास शाखा,<br>–राजश्व शाखा, |
| २. | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक | –स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ (३) अनुसार आगामी वर्षको लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्ने | २०७९ चैत्र २० गते भित्र | –समिति संयोजक | –प्र.प्र.अ.<br>–लेखा शाखा, राजश्व शाखा, आर्थिक विकास शाखा |
| ३. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | –आगामी वर्षको नीति तर्जुमा,<br>–बजेट तथा कार्यक्रमको प्राथमिकरण गर्ने, | २०७९ चैत्र ३० गते भित्र | –समिति संयोजक | –प्र.प्र.अ.<br>–सबै शाखा प्रमुखहरु |
| ४. | वडास्तरीय योजना तर्जुमा छलफल | –टोल विकास स्तरीय योजना तर्जुमा तथा छलफल, | २०८० वैशाख २ देखि २०८० वैशाख २० गते भित्र | –वडाध्यक्ष,<br>–वडा सदस्य | –प्र.प्र.अ.<br>–योजना शाखा प्रमुख,<br>–सुचना प्रविधि अधिकृत |
| | | –वडा समितिको बैठक | २०८० वैशाख २५ गते भित्र | –वडाध्यक्ष,<br>–वडा सदस्य | –वडा सचिवहरु |
| ५. | विषयगत समितिहरुको बैठक | –नगरस्तरीय योजना र कार्यक्रमको तर्जुमा,<br>–वडाबाट प्राप्त योजना र कार्यक्रमको संसोधन, परिमार्जन,<br>–वार्षिक योजना र कार्यक्रमको खाका तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने, | २०८० जेठ १५ गते भित्र | –विषयगत समितिका संयोजक | –प्र.प्र.अ.<br>–विषयगत समितिका सदस्य,<br>–विषयगत समितिका सदस्य सचिव |
| ६. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | –विषयगत समितिहरुमा छलफल भै समिति समक्ष पेश भएको योजना, कार्यक्रम बारेमा छलफल गरी | २०८० जेठ २० गते भित्र | –समिति | –प्र.प्र.अ.<br>–सबै शाखा प्रमुख कर्मचारीहरु |



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
...नगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | | समितिबाट स्वीकृत गर्ने र कार्यपालिका समक्ष शिफारिश गर्ने, | | | |
| ७. | कार्यपालिका बैठक | –बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिश भएका योजना, कार्यक्रम र बजेटलाई अन्तिम रुप दिई कार्यपालिकाबाट स्वीकृत गरी नगरसभा समक्ष शिफारिश गर्ने,<br>–नगरसभामा पेश गर्नुपर्ने विनियोजन ऐन तर्जुमा,<br>–नगरसभामा पेश गर्नुपर्ने विनियोजन आर्थिक ऐन तर्जुमा, | २०८० असार ५ गते भित्र | –नगर प्रमुख/उपप्रमख | –नगर कार्यपालिका सदस्य,<br>–प्र.प्र.अ.<br>–लेखा शाखा प्रमुख,<br>–राजश्व शाखा प्रमुख<br>–प्रशासन शाखा प्रमुख,<br>–आर्थिक विकास शाखा प्रमख, |
| ८. | नगरसभा | –नगर कार्यपालिकाबाट स्वीकृत भई पेश भएका नीति, कार्यक्रम, बजेट, आर्थिक ऐन, विनियोजन ऐन सभाबाट स्वीकृत गर्ने | २०८० असार १० गते भित्र | –नगर प्रमुख/उपप्रमख, | –नगर कार्यपालिका सदस्य,<br>–प्र.प्र.अ.<br>लेखा शाखा प्रमुख,<br>–राजश्व शाखा प्रमुख<br>–प्रशासन शाखा प्रमुख,<br>–आर्थिक विकास शाखा प्रमख, |

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner